आज मिति २०८२/११/१५ गतेको दिन बिहान ९:३० बजे यस ब्रह्मपुरी गाउँ कार्यपालिका प्रमुख श्री राम पदारथ साह तेलि ज्युको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न अनुसारको पदाधिकारिको उपस्थितिमा निम्न अनुसारको निर्णय गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष श्री राम पदारथ साह तेली | अध्यक्ष |
| २. | गाउँपालिका उपाध्यक्ष श्री श्यामकला यादव | सदस्य |
| ३. | वडा नं. १ अध्यक्ष श्री निरन्जन प्रसाद कलवार | सदस्य |
| ४. | वडा नं. २ अध्यक्ष श्री शंकर साह | सदस्य |
| ५. | वडा नं. ३ अध्यक्ष श्री गौतम कुमार यादव | सदस्य |
| ६. | वडा नं. ४ अध्यक्ष श्री श्याम बाबु साह | सदस्य |
| ७. | वडा नं. ५ अध्यक्ष श्री नबिन कुमार यादव | सदस्य |
| ८. | वडा नं. ६ अध्यक्ष श्री हिरेन्द्र कुमार यादव | सदस्य |
| ९. | वडा नं. ७ अध्यक्ष श्री राम सागर महतो कोइरी | सदस्य |
| १०. | का. स. श्री बिना कुमारी देवी | सदस्य |
| ११. | का. स. श्री दशरथ साह कानु | सदस्य |
| १२. | का. स. श्री पल्टु माझी | सदस्य |
| १३. | का. स. श्री रेखा कुमारी महतो | सदस्य |
| १४. | का. स. श्री शिव दुलारी देवी | सदस्य |
| १५. | का. स. श्री शान्ति देवी | सदस्य |
| १६. | प्रमुख प्रशासकीय अधिकृत श्री धनन्जय प्रसाद दास | सदस्य सचिव |

आमन्त्रित

| | | |
|---|---|---|
| १७. | प्रशासन शाखा प्रमुख श्री रामा कान्त शाह | ज.स्वा.नि.(छैठौ) |

प्रस्ताव नं.१ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०८२।०८३ को लागी राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि यस गाउँपालिकामा सशर्त अनुदान वित्तीय हस्तान्तरण मार्फत प्राप्त भएको अनुसार रोजगार आयोजना संचालनको लागि ज्याला रकम नामक शिर्षक(खर्च शीर्षक नं. २२४१९) मा यस पालिका द्वारा रकम रु ६५०,०००/- साझेदारीमा र नेपाल सरकार- शसर्त अनुदानबाट रकम रु ६५०,०००/- गरी कुल जम्मा रकम रु. १३,००,०००/-लाई तपसिल अनुसारको बाँडफाँड गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

| क्र.सं | आयोजना/क्रियाकलापको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ देखि ७ सम्मको कृषी नालाहरु सरसफाई तथा सडकहरु मर्मत कार्य | ४ लाख | |
| २ | कृषी सडक मर्मत तथा कुलो पैनी सरसफाई कार्य | ८ लाख | |
| ३ | कार्यस्थाल सुरक्षा सामाग्री खरिद | १ लाख | |
| | जम्मा रकम | १३,००,०००/- | |

<u>प्रस्ताव नं.२</u> विशेष अनुदान तर्फको योजना/कार्यक्रम पेश गर्ने सम्बन्धमा ।

<u>निर्णय नं. २</u> यस प्रस्ताव नं.२ माथि छलफल गर्दा चालु आ.व. २०८२-०८३ मा मधेश प्रदेश सरकारको अर्थ मन्त्रालयबाट प्राप्त हुने विशेष अनुदानका लागि देहाय बमोजिमको कार्यक्रम संचालन गर्न मन्त्रालयको स्वीकृत कार्यविधिको अनुसूची ३ (दफा ६ र ७ संग सम्वन्धित) अनुदानको लागि कार्यक्रम पेश गर्ने निवेदन फारम को आधारमा प्रस्ताव तथा लागत अनुमान तयार पारी स्वीकृतीका लागि पेश गर्ने निर्णय पारित गरियो ।

**तपसिल**

| क.सं. | योजनाको नाम | शिर्षक | कुल लागत रकम रु. |
|---|---|---|---|
| १. | ब्रम्हापुरी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि शैक्षिक गुणस्तर अभिवृद्धि तथा शैक्षिक सामग्री सहयोग कार्यक्रम २०८२ | प्रदेश विशेष अनुदान | २५,००,०००/- |